# भद्रपुर नगरपालिका

## भद्रपुर, झापा

### मेची अञ्चल

# मानव संशाधन विकास केन्द्रको निर्देशिका

# २०६३

भद्रपुर नगरपालिका

२०६३ मार्ग

## प्रस्तावनाः

नगरको तिव्रतर विकास आजको आवश्यकता हो । नगर विकास कार्यका लागि स्थानीय स्तरमा नगरपालिकालाई एक महत्वपूर्ण विकास निकाय र स्थानीय सरकारको रुपमा पनि लिने गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले नगरपालिकालाई श्रोत संकलनका साथ साथै सहभागितात्मक नगर विकास योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने दायित्व प्रदान गरेको हुँदा यसै सन्दर्भमा यस नगरपालिकामा नगरपालिकाका निम्ति आवश्यक जनशक्तिको प्रक्षेपण क्षमता अभिवृद्धि गर्न गाउँ-नगर साझेदारी विकास कार्यक्रमको सहयोगमा मानव संशाधन विकास केन्द्रको संचालन र विकासमा निरन्तरता प्रदान गर्न निर्देशिकाको आवश्यकता महसुस गरी यो निर्देशिका तयार गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरी मानव संसाधन विकास केन्द्र स्थापना गर्ने गरी बनाइएको देहायको **“मानव संसाधन विकास केन्द्र निर्देशिका २०६३”** नगरपरिषद्को मिति २०६३।०८।०४ को बैठकले स्वीकृत गरी लागू गरेको छ ।

## *खण्ड - १*

### १. प्रारम्भिकः

१.१ यो निर्देशिकाको नाम “मानव संसाधन विकास केन्द्र निर्देशिका, २०६३” (Humen Resorce Development Centre Manual, 2063), जसलाई छोटकरीमा HRDC Manual, 2063 भनिनेछ ।

१.२ यो निर्देशिका भद्रपुर नगरपालिकाको नगर परिषदबाटबाट स्वीकृत भएका मितिदेखि लागू हुनेछ ।

१.३ मानव संसाधन विकास केन्द्र भद्रपुर नगरपालिकाको नीति तथा निर्देशनमा संचालन गरिनेछ ।

१.४ मानव संसाधन विकास केन्द्रको व्यवस्थापन यो निर्देशिकामा व्यवस्था भए अनुसार हुनेछ ।

## *खण्ड - २*

### २. औचित्य र उद्देश्य :

मानव संसाधन विकास केन्द्रको औचित्य र उद्देश्य देहाय बमोजिम हुनेछ ।

#### २.१ औचित्य :

भद्रपुर नगरपालिका भित्र विद्यमान मानव संसाधन विकास र क्षमता अभिवृद्धिको अवस्थाको अध्ययन गर्दा, निम्न लिखित कारणका लागि यहाँ मानव संसाधन विकास केन्द्रको स्थापना गर्न जरुरी देखिन्छ ।

- ☞ विभिन्न क्षेत्रमा छरिएर रहेका थुप्रै मानव स्रोत साधनलाई अन्तर सम्बन्धद्वारा नगरपालिकाको समग्र विकास प्रकृयामा समाहित गर्न आवश्यक देखिएको छ ।
- ☞ समुदायको प्रमुख आवश्यकतालाई प्राथमिकीकरण गरी तयार गरी ल्याएका विकास परियोजनाहरुमा आवश्यक पर्ने मानव संसाधनको विकास गर्दै जाने र

सहभागितात्मक नगर विकास योजना र मूल्याङ्कन प्रकृयाको कार्यान्वयनलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गर्न आवश्यक देखिएको छ ।

- ☞ नगरको समष्टिगत विकासको लागि आवश्यक पर्ने व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न उपयुक्त मानव संसाधन विकासलाई प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।
- ☞ भद्रपुर नगरपालिका र यस वरपरको क्षेत्रको लागि एवं यस क्षेत्रका स्थानीय निकाय तथा सरकारी गैरसरकारी संस्थाहरु समेत लाभान्वित हुने गरी एउटा मानव संसाधन विकास केन्द्रको स्थापना गर्न आवश्यक देखिएको र यसको विकासको निम्ति भद्रपुर नगरपालिकामा पर्याप्त पूर्वाधार विकास गर्न सकिने अवसरको सदुपयोग गर्दै मानव संसाधन विकास केन्द्रको स्थापना गर्नु सान्दर्भिक देखिएको छ ।

## २.२ उद्देश्य

- ☞ नगरपालिकाको योजना प्रकृया र व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनुको साथै विद्यमान नगर विकासको अवस्था र गतिविधि सम्बन्धमा व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्ने सहभागितात्मक नगर विकास योजनामा जनप्रतिनिधिहरु नगरमा सक्रिय रहेका सम्बन्धित निकायहरु, सरकारी/गैरसरकारी संस्थाहरु एवं अन्य इच्छुक वर्गलाई सहभागी गराउने ।
- ☞ नगरपालिकाको मानव संसाधनलाई समयानुकुल सक्षम बनाउने ।
- ☞ स्थानीय विकासका लागि आवश्यक पर्ने जनशक्तिको विकास गर्ने र सेवा उपलब्ध गराउन केन्द्रलाई स्रोत केन्द्रको रुपमा विकास गर्ने ।
- ☞ नगरपालिकाको सहभागिता र प्रयत्नबाट सम्भव हुन सक्ने विकास प्रयासका लागि दक्ष जनशक्तिको खाँचो बारे स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरु र नागरिक समाजलाई समेत अभिमुखिकरण गर्ने ।
- ☞ नगरपालिका र यस वरपरका क्षेत्रमा रहेका स्थानीय निकाय, सरकारी तथा गैर सरकारी संघ संस्थाको मानवीय संसाधन विकासमा सहयोग पुऱ्याउने ।

# *खण्ड - ३*

## ३. मानव संसाधन विकास केन्द्रको संचालन व्यवस्था :

मानव संसाधन विकास केन्द्रको प्रयोग देहाय बमोजिम हुनेछ ।

३.१ यो केन्द्र निःशुल्क सेवा नभई शूल्क लिएर सेवा प्रदान गर्ने धारणामा संचालन हुनेछ ।

३.२ केन्द्रबाट भएका सबै आम्दानीहरु यसको विकासका लागि प्रयोग गरिनेछ ।

३.३ नगरपालिकाका जनप्रतिनिधिहरु, नगरपालिकासंग सम्बन्धित विकास एजेन्सीहरुका कर्मचारीहरु सरकारी तथा गैर सरकारी संस्थाका कर्मचारी र संबन्धित व्यक्तिहरुले यस केन्द्रको सदुपयोग गरी उपलब्ध सेवाहरु प्राप्त गर्न सक्नेछन् ।

३.४ केन्द्रले विभिन्न तालिम प्याकेजको विकास गर्नेछ । उक्त तालिम कार्यक्रमका लागि नगरपालिका भित्र सम्बन्धित विभिन्न स्रोत व्यक्तिको सूची प्रकाशित गरिनेछ ।

३.५ भद्रपुर नगरपालिका कार्यालयको तालिम संचालनको लागि तालिम हल प्रयोग गरे वापत प्रति दिन रु २००।- र अन्य संघ संस्थाको हकमा प्रति दिन रु ५००।- शुल्क लिइनेछ ।

३.६ भद्रपुर नगरपालिका कार्यालयको प्रयोजनको लागि ओभरहेड प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रु. १००।- र अन्य संघ संस्थाको हकमा यस केन्द्रमा नै प्रयोग गरे प्रति दिन रु. २००।- शुल्क लिइनेछ । अन्यत्र लगेमा प्रति दिन रु. ३००।- लिइने छ ।

३.७ अन्य कुनै निकायले मानव संसाधन विकास केन्द्रको संसाधन सेवा लिने क्रममा कम्प्यूटर अप्रेटरको रुपमा नगरपालिकाको कर्मचारीको सेवा लिएमा सो वापत दैनिक रु. २००।- पारिश्रमिक लिइने छ । सो परिश्रमिकमा केन्द्रलाई ३० % ओभर हेड चार्ज कट्टा गरी बांकी रकम सो कार्य गर्ने कर्मचारीलाई खाजा खर्चको रुपमा दिइनेछ ।

३.८ कुनै संघ संस्था तथा स्थानीय निकायको अनुरोधमा पाठ्यक्रम पाठ्य सामाग्री, अनुसन्धान प्रस्ताव, प्रशिक्षण सामाग्री वा अन्य कुनै कार्य गर्नु परेमा सोसंग सम्बन्धित संस्थासँगको संझौता बमोजिम हुनेछ ।

३.९ केन्द्रमा वा केन्द्रद्वारा संचालन हुने तालिम प्रशिक्षणको सेशन सैद्धान्तिक र प्रयोगात्मक गरी सामान्यतया १.३० देखि २.०० घण्टा अवधीको हुने छ । सेशन सहयोगी संयोजक वा प्रशिक्षक भई कार्य गरी नगरपालिका कर्मचारीले पारिश्रमिक वा खाजा खर्च आर्जन गरेकोमा उक्त रकमबाट ३० % का दरले ओभर हेड चार्ज केन्द्रले कट्टा गरी बांकी रकम मात्र सम्बन्धित व्यक्तिलाई पारिश्रमिक वापत दिइनेछ ।

३.१० विदेशी नागरिकको हकमा सेवा शुल्क दोब्बर हुनेछ ।

३.११ मानव संसाधन विकास केन्द्रका स्रोत व्यक्ति र संयोजक कुनै निकाय वा कार्यालयलाई आवश्यक परी प्रयोग गर्नु पर्दा दुवै पक्ष बिच सहमति भए अनुसारको दर कायम गरिने छ । यस मध्ये ७० % रकम स्रोत व्यक्तिलाई र ३० % रकम यस केन्द्रको कोषमा दाखिला गरिनेछ ।

३.१२ माथि उल्लेख भएका सेवा शुल्कहरुलाई मानव संसाधन विकास केन्द्र संचालन समितिले समयानुकुल संशोधन गर्न सक्नेछ ।

## *खण्ड - ४*

### ४. संचालन समिति :

मानव संसाधन विकास केन्द्रलाई स्वतन्त्र तथा सुचारु रुपले संचालन गर्न, यसको विकास तथा विस्तार गर्न र केन्द्रलाई मार्गदर्शन एवं केन्द्रलाई यस निर्देशिकामा उल्लेख नभएका कुराहरुमा निर्णय दिन तोकिएका शुल्कहरुमा संसोधन समेत गर्ने कार्यका लागि देहाय बमोजिमको मानव संसाधन विकास केन्द्र संचालन समिति रहनेछ । उक्त संचालन समिति नगरपालिका प्रति उत्तरदायी हुनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उप-प्रमुख | सदस्य |
| नगरपालिका सचिव | सदस्य |
| न.पा. प्रशासन शाखा प्रमुख | सदस्य |
| गा.न.सा. शाखा प्रमुख | सदस्य सचिव |

## *खण्ड - ५*

**५ मानव संसाधन विकास केन्द्र कोषका व्यवस्था संचालन**

५.१. मानव संसाधन विकास केन्द्र कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ ।

क) नगरपालिकाले तोकी दिएको रकम
ख) अन्य स्थानीय निकायबाट प्राप्त रकम
ग) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग
घ) विभिन्न संघ संस्थाहरुबाट प्राप्त रकम
ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट प्राप्त रकम
च) दातृ संस्थाहरुबाट प्राप्त रकम
छ) विभिन्न कार्यक्रम मार्फत प्राप्त रकम
ज) अन्य निकायलाई केन्द्रको सेवा प्रदान वापतबाट प्राप्त रकम

५.२ कोषमा भएको रकम केन्द्रकै कार्यक्रमहरुका लागि खर्च गरिनेछ ।।
५.३ बैंकमा कोषको छुटै खाता खोली संचालन गरिनेछ । खाता संचालन कार्यकारी अधिकृत र लेखापालको संयुक्त हस्ताक्षरबाट हुनेछ ।
**५.४ प्रत्येक महिनामा शुल्कबाट कोषमा जम्मा हुने रकम मध्ये**

- ५ % रकम केन्द्रको हेर विचार गर्न खटिने कर्मचारीलाई दिइनेछ,
- ३५ % रकम केन्द्रको मर्मत संभारमा,
- ३५ % रकम तालिम तथा प्रशिक्षण सामाग्री विकासका लागि खर्च गरिनेछ,
- ३० % रकम श्रोत व्यक्ति विकास तथा सम्पर्क सम्बन्ध विकासका लागि खर्च गरिने छ ।

५.५ नेपाल सरकार वा अन्य संघ संस्था निकायहरुबाट कार्यक्रम तोकेर उपलब्ध गराइएको रकम कोषमा जम्मा गरी कार्यक्रमको प्रस्ताव अनुसार कोषबाट खर्च गरिने छ ।
५.६. केन्द्रको आम्दानी खर्चको लेखा विवरण नगरपालिका कार्यालयको लेखापालले राख्नेछ । सो विवरण संचालन समितिको प्रत्येक वैठकमा पेश गर्नु पर्नेछ ।

## *खण्ड - ६*

**६. विविध :**

६.१ केन्द्रको काममा नगरपालिकाबाट कर्मचारी खटाइने छ । निज कर्मचारीको कार्य विवरण नगरपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।
६.२ केन्द्रसँग सम्बन्धित यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा यसै निर्देशिका बमोजिम गठित हुने संचालन समितिको निर्णय बमोजिम हुनेछ ।
६.३ यस निर्देशिकामा समिति वा संचालक समिति भन्नाले निर्देशिका बमोजिम गठित संचालन समितिलाई जनाउनेछ ।